बैठक संख्याः ४५

आज मिति २०८२/०१/२६ गते शुक्रबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा त्रियुगा नगरपालिका नगरकार्यपालिकाको ४५ औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री कुमार प्रसाद कोइराला | सदस्य सचिव | |
| | कार्यपालिका सदस्यहरु | | |
| ४ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उद्धव कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सुमन्त कोइराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री नविन कुमार वान्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १९ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| २० | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २१ | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २२ | श्री बलदेव विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २४ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २५ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २६ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २७ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |

त्रियुगा नगर कार्यपालिकाको ४५ औं बैठकको कार्यसूची तथा एजेण्डाहरु

१. प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सम्बन्धमा।

२. नगरसभाको कार्यतालिका सम्बन्धमा।

३. नगरपालिकाको लोगो सम्बन्धमा।

४. कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २१ बमोजिम विशेष बढुवा गर्ने सम्बन्धमा।

५. ईन्जिनियर श्री घनश्याम चौधरीको बिदाई सम्बन्धमा।

६. बजेट सीमाको जानकारी सम्बन्धमा।

७. सुशिला विश्वेश्वर स्मृति प्रतिष्ठान (जनताबाट मेयर कार्यक्रम) संस्थागत अनुदान सम्बन्धमा।

८. घाटगद्दी सम्बन्धमा।

९. "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत पत्र सम्बन्धमा।

१०. वडास्तरीय संशोधित योजनाहरूको नगरसभामा अनुमोदन सम्बन्धमा।

११. विविध सम्बन्धमा।

**निर्णय नं. ७७७**

आ.व. २०८२/०८३ को लागि त्रियुगा नगरपालिकाका भित्र रहेका देहायका नदी र खोलाहरूबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) गर्नेः-

देहायः

| क.स. | नदी | खोला | कैफियत |
|---|---|---|---|
| १. | त्रियुगा नदी, शीरदेखि पुछारसम्म | लालभित्ति खोला | |
| २. | सुनकोशी नदी | बविया खोला | |
| | | ठाडी खोला | |
| | | फार्सेट खोला | |
| | | शाही खोला | |
| | | खैजडी खोला | |
| | | अर्ना खोला | |
| | | मोहनपुर खोला | |
| | | शिशुवारी<br>लालपत्ता खोला | |
| | | बरूवा खोला | |

**निर्णय नं. ७७८**

त्रियुगा नगरपालिकाको १५ औं नगर सभालाई सुव्यवस्थित ढङ्गले तोकिएको समयावधिभित्रै सम्पन्न गर्न "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" बमोजिम स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका सम्पूर्ण ७ (सात) चरणहरू र अन्तर्गतका २४ (चौबिस) वटा कार्यहरू सम्पन्न गर्नुपर्ने भएकोले सोही बमोजिम कार्य गर्न देहाय बमोजिमको त्रियुगा नगरसभाको कार्यतालिका पारित गर्नेः-

| क.स. | कार्यविवरण | समयसीमा | जिम्मेवार शाखा |
|---|---|---|---|
| १. | वस्ती/टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रअनुसार छुट्टयाउने | २०८२ जेठ १० भित्र | वडा समिति |
| २. | वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगतरूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | २०८२ जेठ १० भित्र | वडा समिति |
| ३. | विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | २०८२ जेठ १५ भित्र | विषयगत शाखा |
| ४. | विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा साङ्केतीकरण गर्ने | २०८२ जेठ २५ भित्र | विषयगत समिति |
| ५. | बजेट (राजश्व, व्यय तथा वित्तीय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | २०८२ जेठ मसान्तभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ६. | गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | २०८२ जेठ मसान्तभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ७. | आर्थिक विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | २०८२ असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |

| | | | |
|---|---|---|---|
| ८. | विनियोजन विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | २०८२ असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ९. | बजेट (राजश्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम मध्यमकालीन खर्च संरचना, आर्थिक एवम् विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्ने। | २०८२ असार १० गतेभित्र | नगर कार्यपालिका |
| १०. | बजेट (राजश्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | २०८२ असार मसान्तभित्र | नगर सभा |
| ११. | बजेट पुस्तिका तयारी तथा छपाई | २०८२ साउन १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |

निर्णय ७७९

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८१/११/२९ गतेको "त्रियुगा नगरपालिकाको स्थानीय **लोगो निर्माण सम्बन्धी प्रस्ताव आह्वान**" को सूचना बमोजिम मिति २०८१ चैत्र मसान्तभित्र नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दर्ता भई देहायका विभिन्न व्यक्ति तथा फर्म/संस्थाहरूबाट लोगो डिजाईन प्रस्तावकहरूको सूची प्राप्त भएको:-

देहाय:

| क्र.सं. | लोगो डिजाईन प्रस्तावकको नाम | प्रस्तावकको ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | उमेश श्रेष्ठ | त्रियुगा नगरपालिका- ८, झोरा, उदयपुर | |
| २. | दिपेश न्यौपाने | त्रियुगा नगरपालिका-२, उदयपुर | |
| ३. | दिवस कार्की | त्रियुगा नगरपालिका-२, उदयपुर | |
| ४. | सुशिला रेग्मी | त्रियुगा नगरपालिका | सोलुसन खबर मिडिया ग्रुप प्रा.लि. |
| ५. | खाँडादेवी प्रिन्ट सोलुसन | त्रियुगा नगरपालिका-११, उदयपुर | सुजन कार्की |
| ६. | विक्रम श्रेष्ठ | त्रियुगा नगरपालिका-३, उदयपुर | |
| ७. | भेषमोहन तामाङ | त्रियुगा नगरपालिका-१०, उदयपुर | |
| ८. | मिथुन ठाकुर | त्रियुगा नगरपालिका-१२, उदयपुर | |
| ९. | खरक नारायण चौधरी | त्रियुगा नगरपालिका-२, उदयपुर | |
| १०. | टंक बहादुर आले मगर | त्रियुगा नगरपालिका-११, उदयपुर | |

माथि उल्लेखित लोगो डिजाईन प्रस्तावकहरूबाट प्राप्त यस नगरपालिकाको लोगो छनौट गर्नको लागि तपसिल बमोजिमका संयोजक तथा सदस्यहरू रहने गरी "नगर लोगो डिजाईन अध्ययन तथा छनौट" समिति गठन गर्ने:-

| क्र.स. | समितिका पदाधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | तिलक बहादुर कटुवाल, वडा अध्यक्ष, वडा नं. ३ | संयोजक | |
| २. | घमान सिंह खत्री, वडा अध्यक्ष, वडा नं. २ | सदस्य | |
| ३. | कुन्ती परिवार, कार्यपालिका सदस्य | सदस्य | |
| ४. | ई. रूपक तिम्सीना, सूचना प्रविधि अधिकृत | सदस्य | |
| ५. | जनक प्रसाद ढुंगाना, अधिकृत सातौं | सदस्य सचिव | |

## निर्णय ७८०

कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २९ मा रहेको एउटै तहको पदमा कम्तीमा बार्ह वर्षसम्म बहाल रहिरहेका दशौं तह वा सो भन्दा मुनिका कर्मचारीको दफा ५३ बमोजिम अनिवार्य अवकाश हुनु एक महिना बाँकी भएमा निजलाई एक तह माथिको पदमा बढुवा गरिने व्यवस्था बमोजिम यस नगरपालिकामा कार्यरत अधिकृतस्तर छैटौं तहका ईन्जिनियर श्री रमेशचन्द्र ढुङ्गाना मिति २०८२।०२।२९ देखी उमेरको हदको कारण अनिवार्य अवकाश हुने भएकोले निजको एक तह वृद्दि गरी अधिकृतस्तर सातौं कायम गर्ने।

## निर्णय ७८१

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा अधिकृतस्तर छैटौं पदमा कार्यरत ई. श्री घनश्याम चौधरी मिति २०८२/०१/१५ गतेदेखि कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५३ बमोजिम उमेर हदको कारणले अनिवार्य अवकाश हुनुभएकोले उहाँको अवकाश पछि स्वस्थ एवम् सुखमय जीवनको कामना गर्दै उहाँलाई नगर कार्यपालिका र सम्पूर्ण कर्मचारीहरूको तर्फबाट बिदाई गर्ने।

## निर्णय ७८२

यस नगरपालिकालाई आ.व. २०८२/०८३ मा संघ र प्रदेश सरकारबाट देहाय बमोजिमको अनुदान र राजश्व बाँडफाँट तथा रोयल्टीको सीमा र नगरपालिकाको राजश्व परामर्श समितिको बैठकले निर्णय गरेअनुसार श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आ.व. २०८२/०८३ को लागि आन्तरिक राजश्व प्रक्षेपणसहितको सीमा प्राप्त भएको जानकारी प्राप्त भयो।

देहाय:

| क.सं. | आय शीर्षक | अनुमानित रकम |
|---|---|---|
| संघीय अनुदान | | |
| (क) | समानीकरण अनुदान | २१९१००००० |
| (ख) | राजश्व बाँडफाँट | २०७९००००० |
| जम्मा | | ४२७०००००० |
| प्रदेश अनुदान | | |
| (ग) | समानीकरण अनुदान | २०४०१००० |
| (घ) | सवारी साधन कर | १६९०४००० |
| जम्मा | | ३७३०५००० |
| नगरपालिकाको आन्तरिक आय | | |
| (ङ) | आन्तरिक राजश्व | १६१९९५००० |
| कुल अनुमानित आय रकम (क+ख+ग+घ+ङ) | | ६२६३००००० |

त्यसैगरी मिति २०८२/०१/१० गते बसेको यस नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णयानुसार त्रियुगा नगरपालिकाको आ.व. २०८२/०८३ को लागि विभिन्न विषयगत समिति र वडा कार्यालयहरूलाई देहाय बमोजिमको बजेट सीमा निर्धारण गरेको जानकारी प्राप्त भयोः

**(क) विषयगत समितिहरुलाई निर्धारित बजेट सीमाको विवरणः**

| सि. नं | विषयगत समितिहरू | सीमा रकम (रू.मा) |
|---|---|---|
| १. | आर्थिक विकास समिति | १०००००० |
| २. | सामाजिक विकास समिति | २२०००००० |
| ३. | पूर्वाधार विकास समिति | १९६००००० |
| ४. | वन, वातावरण तथा विपद् व्यवस्थापन | १०००००० |
| ५. | संस्थागत क्षमता विकास (सुशासन) | २०००००० |
| ६. | विधायन समिति | ५००००० |
| **जम्मा** | | ५५१००००० |

**(ख) वडागत बजेट सीमाः**

| आ व ८२/८३ को लागि वडागत बजेट सीमाः | | | | | |
|---|---|---|---|---|---|
| | | | कुल बजेट (रु.) | १०५०००००० | |
| | | | न्यूनतम बजेट(रु.) | ५२५००००० | |
| | | | सूत्रगत बजेट(रु.) | ५२५००००० | |
| सूत्र | ५० % बजेट (रु.) | (वडा जनसंख्या/कुल जनसंख्या)*जनसंख्या आधारमा कुल बजेट(रु.) | (वडा क्षेत्रफल/कुल क्षेत्रफल)*क्षेत्रफल आधारमा कुल बजेट (रु.) | (वडागत राजश्व/कुल राजश्व )*राजश्व परिचालन आधारमा कुल बजेट (रु.) | जम्मा (रु.) |
| | ५२५००००० | २१०००००० | १५७५०००० | १५७५०००० | १०५०००००० |
| वडा नं. | न्यूनतम बजेट (रु.) | जनसंख्याको आधारमा बजेट (रु.) | क्षेत्रफलको आधारमा बजेट (रु.) | राजश्व परिचालनको अवस्थामा बजेट (रु.) | कुल रकम (रु.) |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ३२८१२५० | ९५२२३२ | १३३७८६७ | ५९३९८४ | ६१६५३३३ |
| २ | ३२८१२५० | ११९१८२३ | १३५६५६८ | ८३३६५६ | ६६६३२९६ |
| ३ | ३२८१२५० | २०४३६८० | ८६४५७८ | ११८७५८५ | ७३७७०९३ |
| ४ | ३२८१२५० | ११५८२९६ | १३९१९५७ | १०५२५०८ | ६८८४०१२ |
| ५ | ३२८१२५० | १४२७५३० | १२८८६६८ | ८८६१८९ | ६८८३६३७ |
| ६ | ३२८१२५० | १८०३०६६ | १०९४१७४ | ९७२१३५ | ७१५०६२५ |
| ७ | ३२८१२५० | १३७६४२२ | ११५९७७२ | ९४१२१७ | ६७५८६६२ |
| ८ | ३२८१२५० | १११७८१९ | ५५८१६४ | १०७२४९१ | ६०२९७२४ |
| ९ | ३२८१२५० | ११३९६९३ | ५५८१६४ | ९१७२४२ | ५८९६३४९ |
| १० | ३२८१२५० | १६८९६०८ | १०९६१९ | १७७७६७७ | ६८५८१५४ |
| ११ | ३२८१२५० | २३३०४९४ | ३५३८८७ | २२४४५२१ | ८२१०१५२ |
| १२ | ३२८१२५० | १६१६४२२ | १०९६१९ | १३६२२९७ | ६३६९५८८ |
| १३ | ३२८१२५० | १३०५४८६ | ९६३५५२ | १००६९४९ | ६५५७२३६ |
| १४ | ३२८१२५० | ४७२६४१ | २२१४५२९ | १९९१२४ | ६१६७५४४ |
| १५ | ३२८१२५० | ७२३८८४ | १२६९६७९ | ४०८२६३ | ५६८३०७६ |
| १६ | ३२८१२५० | ६५०९०३ | १११९२०५ | २९४१६२ | ५३४५५२० |
| कुल | ५२५००००० | २१०००००० | १५७५०००० | १५७५०००० | १०५०००००० |

निर्णय ७८३
मोरङ जिल्ला कटहरीमा निर्माणाधीन सुशिला विश्वेश्वर स्मृति प्रतिष्ठानलाई त्रियुगा नगरपालिकाको जनताबाट मेयर कार्यक्रमबाट संस्थागत अनुदानस्वरूप रू.२००००० (अक्षरेपी दुई लाख रूपैयाँ मात्र) उपलब्ध गराउने।

निर्णय ७८४
त्रियुगा नगरपालिकाको बरुवा खोला र त्रियुगा खोलाको प्याकेज-१ बाट जिल्ला विपद व्यवस्थापन समितिको निर्णय बमोजिम दिगो तथा वातावारणमैत्री रूपले ढुङ्गा, गिटि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा सङ्कलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिमको प्राविधिक मूल्याङ्कन अनुसारको नदीजन्य पदार्थ उत्खनन गरी बरुवा बसपार्क नजिक रहेको खाली जग्गा र त्रियुगा लुहाले दोभान (त्रिवेणी धाम वडा नं १२) मा घाटगद्दी गरी बिक्री वितरण गर्नका लागि आवश्यक व्यवस्था मिलाउने।

निर्णय ७८५

त्रियुगा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५" बमोजिम त्रियुगा नगरपालिका वडा नं ८ स्थित ओम कौशिक निर्माण कम्पनी प्राईभेट लि. लाई "घ" वर्गको निर्माण व्यवसायीको इजाजत पत्र प्रदान गर्ने।

निर्णय ७८६

त्रियुगा नगरपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम मातहतका वडा कार्यालयहरूलाई विनियोजित कार्यक्रम तथा बजेट देहाय बमोजिम कायम गरी त्रियुगा नगरपालिकाको पन्ध्रौं नगर अधिवेशनमा अनुमोदनको लागि पेश गर्ने गरी संशोधन गर्नेः-

| वडा कार्यालय | साविकको कार्यक्रम तथा योजना | बजेट रु. | संशोधित कार्यक्रम तथा योजना | बजेट रु. |
|---|---|---|---|---|
| वडा नं. १ | महिला उद्यमशीलता टपरी निर्माण मेशिन खरिद तथा तालिम व्यवस्थापन चेतना महिला समूह | २,००,००० | वडामा सडकबत्ति एवम् तार खरिद जडान कार्य | २,००,००० |
| वडा नं. ३ | जसमनी टोल विकास बरूवाली गाउँ फलामे पुल निर्माण | १,००,००० | जसमनी टोल विकास बरूवाली गाउँ कल्भर्ट निर्माण | १,००,००० |
| वडा नं. ४ | स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम | ५०,००० | अक्सिजन सिलिण्डर खरिद | ५०,००० |
| | शितलपुर टोलविकास सिंचाई कुलो मर्मत | ९०,००० | सिँचाई मोटर खरिद तथा वितरण कार्यक्रम | ९०,००० |
| वडा नं. ८ | भुवनेश्वर मन्दिर घेराबेरा | १,००,००० | भुवनेश्वर मन्दिर तला थप | १,००,००० |
| | बोकेढिक मोतियाही कुलोमा कल्भर्ट | १५०००० | कविरमान दनुवारको घरदेखि दक्षिण नवराज कार्कीको घर अगाडि हुँदै ग्यान्दुके खोलासम्मको नक्शाको बाटो स्तरोन्नति | २५०००० (दुई लाख पचास हजार) |
| | बिन्दाबासिनि मन्दिरको घेराबारा | १००००० | | |

विविध १

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या समाधान आयोगलाई सहयोग गर्न तथा नगरपालिकामा उक्त कार्यसम्बन्धी प्रतिवेदन गर्न मिति २०८१/१२/२९ गतेको यस कार्यपालिकाको निर्णय विविध ७ लाई संशोधन गरी देहाय बमोजिमको **नगरस्तरीय समन्वय समिति** गठन गर्नेः-

देहाय

| क्र.स. | नाम/थर | पद | तोकिएको जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री उद्धवकुमार थापा | वडा अध्यक्ष- वडा नं. ५ | संयोजक |
| २ | श्री धमान सिंह खत्री | वडा अध्यक्ष, वडा नं. २ | सदस्य |
| ३ | श्री विमल किराती | कार्यपालिका सदस्य | सदस्य |

विविध २

यस नगरपालिकामा कार्यरत सरसफाईकर्मी सुरेन डोमको मिति २०८२/०१/१७ गतेको "हाजिर हुन पाउँ" भन्ने निवेदन र सम्मानित उदयपुर जिल्ला अदालतको मिति २०८१ चैत्र २६ गतेको फैसला बमोजिम सजाय भुक्तान गरी आएको देखिएकोले निजलाई ज्यालादारी सरसफाईकर्मीकोरूपमा परीक्षण कालमा रहने गरी कामकाजमा लगाउने।

विविध ३

यस नगरपालिका अन्तर्गतका देहायका कार्यालय तथा स्थानमा कार्यरत सरसफाईकर्मीहरूको चालु आ.व. २०८१/०८२ को कार्यालयबाट छुट्न गएको मासिक पारिश्रमिक भुक्तानी गर्ने:-

| क.स. | कर्मचारीको नाम | पद | कार्यरत कार्यलय | |
|---|---|---|---|---|
| १. | सुखरी देवी मरिक | सरसफाईकर्मी | त्रियुगा नगरपालिका वडा नं. १४, साउने | |
| २. | नगेन्द्र मरिक | सरसफाईकर्मी | त्रियुगा नगरपालिका वडा नं. १५, खाँवु | |
| ३. | संजिव कुमार मरिक | सरसफाईकर्मी | त्रियुगा नगरपालिका वडा नं. ७, चुहाडे, मसानघाट | |
| ४. | अनक बहादुर मिरीचिङ मगर | सरसफाईकर्मी | त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | |

विविध ४

श्री रौता कन्स्ट्रक्शन प्रा.लि., त्रियुगा नगरपालिका, वडा नं. ११ र मैनाचुली/शाह/रश्मी जे.भी., त्रियुगा नगरपालिका वडा नं. ११ को क्रसर सञ्चालन अनुमति माग निवेदन सम्बन्धमा प्रचलित कानूनमा आधारित भई आवश्यक प्रक्रियाबारे अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

विविध ५

यस नगर कार्यपालिकाका सदस्य श्री गीता कुमारी उप्रेतीज्यूका पूजनीय पिता श्री मायानाथ दाहलको मिति २०८२ वैशाख ७ गते निधन भएकोमा मृतक आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने।

विविध ६

त्रियुगा नगरपालिका वडा नं. ८ स्थित क्रभर्डहलको विद्युत मिटरमा उठे बमोजिमको विद्युत महसुल नगर कार्यपालिकाको कार्यालयले भुक्तानी गर्ने।

विविध ७

यस त्रियुगा नगरपालिका क्षेत्रभित्र विभिन्न निकायका स्वीकृत योजनाहरू कार्यान्वयन गर्ने क्रममा विपद् व्यवस्थापन कार्यको हकमा तत्कालिन आवश्यकता अनुसार सम्वन्धित निकायको निर्णय बमोजिम गर्ने गरी बाँकी योजनाहरुमा प्रयोग हुने नदीजन्य पदार्थहरूको राजश्व प्रचलित कानून बमोजिम अनिवार्यरूपमा नगरपालिकामा बुझाउनुपर्ने।

विविध ८

मालपोत कार्यालय, उदयपुरबाट कार्यालय व्यवस्थापनको लागि बजेट माग भएकोमा चालु आ.व. २०८१/०८२ मा उक्त कार्यालयलाई रू. ३ लाख (अक्षेरुपी तीन लाख रूपैयाँ मात्र) यस नगरपालिकाको आन्तरिक श्रोततर्फबाट उपलब्ध गराउने।

CamScanner